बाइबलका
शिक्षाहरुको श्रृखला



परमेश्वरले हामीलाई
कसरी उहाको
प्रेम देखाउनु भयो
भन्ने बारे अध्ययन

# अनुग्रहका साधनहरु

# अनुग्रहका साधनहरु

परमेश्वरले हामीलाई कसरी उहाँको

प्रेम देखाउनु भयो भन्ने बारे अध्ययन

Multi-Language Productions
Bringing the Word to the World

यस पुस्तकको पाठहरु वीस्कान्सिन इभान्जिलिकल लुथरन सिनेडको बहुभाषा प्रकाशनद्वारा उत्पादन गरिएको ।

कपिराईट©२०१०

२०११ मा प्रकाशित

रङ्गीन तथा सादा दृष्यहरु ग्लेन मार्यसको कार्य हो । दृष्टान्तहरु नर्थ वेष्टर्न पब्लिशिङ्ग हाउसले सुरक्षित राखेको छ ।

बाइबलका अंशहरु नेपाली पवित्र बाइबल न्यू रिभाईज्ड भर्सनबाट लिइएको हो ।

कपिराईट©१९९७,२००९ नेपाल बाइबल सोसाइटीको अनुमतिले प्रयोग गरिएको हो ।

पुस्तक २१

# विषय सूची

प्रारम्भमा........................................................................१

अध्याय १:

अनुग्रहको साधन को अर्थ के हो ? ........................................३

अध्याय २:

परमेश्वरको वचनमा सुसमाचार

एउटा अनुग्रहको साधन हो ................................................१५

अध्याय ३:

बप्तिस्माको विधि

एउटा अनुग्रहको साधन हो ................................................२५

अध्याय ४:

प्रभुभोजको धार्मिक विधि

एउटा अनुग्रहको साधन हो ................................................४१

महत्वपूर्ण प्रश्नका उत्तरहरु जसको

बारेमा हरेक इसाईले जान्नु पर्छ..........................................५४

शब्दवली ............................................................................५७

अध्याय जाँचको उत्तर......................................................६०

अन्तिम जाँच....................................................................६१

# प्रारम्भमा

यो पुस्तकले तपाईलाई ति साधन अथवा बाटोहरुको बारेमा सिकाउनेछ, जसको प्रयोगद्वार परमेश्वरले  पुरुष, स्त्री र बालबालिकाहरुलाई -येशू ख्रीष्ट तिनीहरुको मुक्तिदाता हुनुहुन्छ भनेर  विश्वासमा ल्याउनुहुन्छ। यस प्रकारको उपाय उहाँको वचनमा उपलब्ध सु-समाचारद्वारा र दुइ वटा धार्मिक विधि बप्तिस्मा र प्रभु भोजद्वारा उहाँले गर्नुहुन्छ। प्रत्येक अध्याय एउटा उदेश्य सूचीबाट सुरु हुन्छ जुन चाहिँ तारा चिन्हले (*) संकेत गरेको छ। यी उदेश्यहरुले तपाईले त्यो अध्यायमा के सिक्नु हुन्छ भन्ने बारे जानकारी दिन्छन। त्यसपछि तपाईले केही पंक्ति पढनु हुनेछ र केही प्रश्नको उत्तर दिनु हुनेछ प्रत्येक अध्यायको अन्त्यमा एउटा सानो जाँच छ। ती जाँचका प्रश्नहरु तपाईले अध्यायमा सिकेका प्रश्नहरुबाट मात्र समावेश गरिएका छन।

जब तपाई प्रश्नहरुको उत्तर दिईसक्नुहुन्छ, तपाईलाई पेज नं. दिईनेछ। जहाँ तपाई आफ्ना प्रश्नहरुको उत्तर जाँच्न सक्नुहुन्छ। तपाईले ती पेजहरु हेर्नुभयो भने त्यस पेजको सबभन्दा मुनी उत्तरहरु पाउनुहुनेछ। आफ्ना उत्तरहरु होसियारी साथ जाँच्नुहोस् र तपाईले केही त्रुटि गर्नुभएको छ भने सच्याउनुहोस् अर्को अध्याय शुरु गर्नुभन्दा अघि सबै प्रनहरुको उत्तर जानी राख्न निश्चित हुनुहोस्।

यस पुस्तकको अन्तमा एउटा अन्तिम जाँच छ। यो जाँच पूरा गर्नुभन्दा पहिले अध्यायको जाँचहरु एकपटक

दोहऱ्याउनुहोस् । जब तपाई अन्तिम जााच पूरा गर्नुहुन्छ, तपाई यो पुस्तक तपाईलाई दिने व्यक्तिलाई त्यो जााचको पेजहरु दिन सक्नुहुन्छ वा यस पुस्तकको पछाडि दिइएको ठेगानामा पठाउन सक्नुहुन्छ ।

हामी प्रार्थना गर्छौं कि यो परमेश्वरको अनुग्रहको साधनको अध्ययनले उहाँले हामीलाई बाइबलमा उपलब्ध सु-समाचार र दुइ वटा धार्मिक विधि बप्तिस्मा र प्रभु भोजद्वारा हामीलाई देखाउनु भएको उहाँको महान प्रेमको बारेमा तपाईलाई सिकाउनेछ ।

अध्याय एक

## अनुग्रहको साधनको अर्थ के हो ?

अनुग्रहको साधनको प्रयोग बाइबलको महत्वपूर्ण शिक्षामा एक हो, यो अध्यायमा हामी सिक्न चाहन्छौ :

*परमेश्वरको अनुग्रह उहाँको कमाउन नसकिने प्रेम हो, र

*कसरी परमेश्वरको अनुग्रह हामीलाई देखाइएको छ ।

यो अध्यायको अध्ययन सुरु गर्नु भन्दा पहिले हामी उत्पत्तिको पुस्तक अध्याय ३ को एउटा भाग पढौ ।



परमेश्वरले सकै कुराहरु सृष्टि गर्नुभयो ।

## उत्पत्ति ३:१-१५

[१] परमप्रभु परमेश्वरले बनाउनुभएका वन्य पशुहरु मध्ये सर्प सब
भन्दा धूर्त थियो । त्यसले स्त्रीलाई भन्यो, “के परमेश्वरले
तिमीहरुलाई बगैंचाको कुनै पनि रुखको फल नखानू भनी भन्नुभएको
छ?” [२] स्त्रीले सर्पलाई भनिन्, “बगैंचाका रुखहरुका फल हामी खान
सक्छौं, [३] तर बगैंचाको बीचमा भएको रुखका फलको विषयमा
परमेश्वरले भन्नुभएको छ,त्यो चाहिँ नखानू र नछुनू, नत्रता तिमीहरु
मर्छौ ।” [४] सर्पले स्त्रीलाई भन्यो, “तिमीहरु मर्दैनौ । [५] किनकि
परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरु त्यो खान्छौ त्यही दिन
तिमीहरुका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर
तिमीहरु परमेश्वर जस्तै हुनेछ ।” [६] जब स्त्रीले त्यस रुखको फल
खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रुखको
चाह गर्नु पर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रुखको फल टिपेर
खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए । [७] अनि
दुवैका आँखा खुले, र “नाङ्गै पो रहेछौ” भनी तिनीहरुले थाहा पाए ।
अनि अञ्जीरका पातहरु गाँसेर आफ्ना निम्ति तिनीहरुले वस्त्र बनाए
। [८] अनि साँझपख परमप्रभु परमेश्वर बगैंचामा डुल्दैहुनुहुँदा
तिनीहरुले उहाँको सोर सुने, र मानिस र उनकी पत्नी बगैंचाका
रुखहरुका बीचमा परमप्रभु परमेश्वरको नजरबाट लुके । [९] तर
परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, “तँ कहाँ छस् ?” [१०]
उनले भने, “मैले तपाईको सोर बगैंचामा सुनें र म डराए, किनभने
म नाङ्गै थिए, र म लुके ।” [११] उहाँले सोध्नुभयो, “तँ नाङ्गै छस् भनेर
कसले भन्यो ? जुन रुखको फल नखानू भनी मैले तँलाई आज्ञा
दिएको थिए के तैले त्यो खाइस् ?” [१२] मानिसले भने, “जुन स्त्री
तपाईले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो
रुखको फल दिई र मैले खाए ।” [१३] अनि परमप्रभु परमेश्वरले
स्त्रीलाई भन्नुभयो, “तैले यो के गरिस् ।” स्त्रीले भनिन्, “सर्पले
मलाई छल गऱ्यो, र मैले त्यो खाए ।” [१४] तब परमेश्वरले सर्पलाई
भन्नुभयो, “तैले यसो गरेको हुनाले, “तँ सबै पालिने पशुहरु भन्दा
ज्यादा श्रापित हुनेछस् । पेटद्वारा तँ हिँड्नेछस् र तेरो जीवनभरि तैले

माटो खानेछस् । [१५] तेरो र स्त्रीको बीचमा, र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्च्याउनेछ, र तैले त्यसको कुर्कुच्चो डस्नेछस् ।”

अदनको बगैंचामा भएको घटनालाई यस विवरणले हामीलाई भन्दछ । हाम्रा पहिलेका माता पिता, आदम र हव्वा पापरहित सृजिएका थिए र सुन्दर सिद्ध बगैंचामा स्थापित थिए । परमेश्वरले आदम र हव्वालाई बगैंचाको बीचको असल र खराबको ज्ञान दिने रुखको फल नखानू भनेर आज्ञा दिनुभएको थियो । जे भए पनि एउटा दुष्टदूत, शैतानले हव्वालाई परीक्षामा पाऱ्यो र दुवै आदम र हव्वाले मनाही गरेको रुखको फल खाए । परिणाम स्वरुप तिनीहरु परमेश्वर प्रति अनाज्ञाकारी भए । तिनीहरुले पाप गरे र पाप सबै मानिसहरुमा प्रवेश भयो । “एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु । यसरी सबै मानिसले पाप गरेका हुनाल सबै मानिसमा मृत्यु फैलियो (रोमी ५:१२) ।

१. परमेश्वरले आदम र हव्वालाई अदनको बगैंचामा के आज्ञा दिनुभएको थियो ?

२. आदम र हव्वालाई जसले परीक्षामा पाऱ्यो र पाप गर्न लगायो त्यो ...........थियो ।

३. आदम र हव्वा परमेश्वर प्रति......................भए र पाप गरे ।

४. आदम र हव्वाको पापको कारण..........मानिसहरु पापी भए ।

**(यी प्रश्नका उत्तर पेज नं. ११ मा पाउनु हुनेछ )**

परमेश्वरको व्यवस्थाद्वारा सबै मानिसहरु पापी हुन् भनेर हामीले सिक्यौ । परमेश्वरको दश आज्ञाले हामीहरु पापी छौ भनेर देखाउँछ । आज्ञाहरुले हामीलाई यो गर्नु र यो नगर्नू भनेर भन्छ । उदाहरणको लागि: हामीले सत्य परमेश्वरलाई पुज्नु पर्छ । हामीले हाम्रा आमा बुबा र सबै मानिस प्रति आदर गर्नु पर्छ । अर्को अर्थमा, चोर्नु हुँदैन, झूटो बोल्नु हुँदैन, कसैलाई सराप्नु हुँदैन अथवा साँचो परमेश्वरको सट्टामा अन्य देवी देवतालाई मान्नु हुँदैन । रोमी ३:२० मा प्रेरित पावलले हामीलाई भनेकाछन, "यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।" वास्तवमा, व्यवस्थाका कामहरु माथि भर पर्ने सबै श्रापित छन, किनकि धर्मशास्त्रमा यसो लेखिएको छ, "व्यवस्थाको पुस्तकमा लेखिएका सबै कुरामा नरहने र ती पालन नगर्ने हरेक श्रापित हुन्छ"(गलाती ३:१०) । अर्को शब्दमा व्यवस्थाले हामीलाई बचाउन सक्दैन । व्यवस्थाले येशू ख्रीष्टको बारेमा हामीलाई भन्दैन ।

५. दश आज्ञाले हामीलाई हामीले के ...........पर्छ र के गर्नु .......... ..............भन्दछ ।

६. परमेश्वर हामीले गर्नु पर्ने केही कुराहरु भन्नु हुन्छ सो कुराहरुलाई लेख्नुहोस् ।

.................................................................

.................................................................।

७. परमेश्वर हामीले नगर्नु पर्ने केही कुराहरु भन्नु हुन्छ सो कुराहरुलाई लेख्नुहोस् ।

..................................................................

..................................................................।

८. व्यवस्था पालन गरेर तपाई बचाइन सक्नुहुन्छ, र कसरी अथवा किन सक्नु हुन्न ?

..................................................................

..................................................................।

**(यी प्रश्नहरुको उत्तर पेज नं. ११मा पाउनु हुनेछ ।)**

जब आदम र हव्वाले परमेश्वरको आज्ञा उलङ्घन गरे, उहाँले तिनीहरुलाई एउटा प्रतिज्ञा दिनुभयो कि त्यो प्रतिज्ञा येशूद्वारा पूरा हुने थियो । परमेश्वरले भन्नुभयो, “तेरो (शैतान)र स्त्रीका (हव्वा) बीचमा र तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले (येशू) तेरो शिर कुच्च्याउनेछ, र तैले(शैतान) त्यसको (येशू) कुर्कुच्चो डस्नेछस् (उत्पत्ति ३:१५) । बाइबलमा यी वचन परमेश्वरले प्रथम सु-समाचारको प्रतिज्ञा गर्नु भएको थियो ।

परमेश्वरको यो प्रतिज्ञालाई येशूले पूरा गर्नुभयो । उहाँले सिद्ध जीवन जिउनु भयो । “किनकि हाम्रा प्रधान पूजाहारी (येशू) हाम्रो दुर्बलतामा हामीसंग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न । तर हामी जस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो”(हिब्रू ४:१५) हाम्रो लागि परमेश्वरको आज्ञा पालन गर्न मात्र येशूले सिद्ध

जीवन जिउनु भएन तर जब उहाँ क्रूसमा मर्नुभयो हाम्रो पापको सजाय पनि उहाँले भोग्नुभयो । हामी सजाय भोग्न योग्यका थियौ कारण हामीले पाप गरेका थियौ । तर उहाँ नै येशू हुन जसले हाम्रो सट्टामा सजाय भोग्नुभयो । हामी बाइबलमा पढ्छौ, "निश्चय नै उसले हाम्रा निर्वलताहरु बोक्यो, र हाम्रा दुःख भोग्यो................र परमप्रभुले उसमाथि (येशू) हामी सबैको अधर्म हालिदिनु भएको छ" ( यशैया ५३:४,६) । यो हाम्रो लागि सु-समाचार हो ।

९. परमेश्वरले हामीलाई बचाउन संसारमा कसलाई पठाउने प्रतिज्ञा गर्नुभएको थियो ?..............................।

१०. येशूले हामीलाई बचाउन.......................जीवन जिउनु भयो ।

११. बाइबलले हामीलाई भन्छ कि येशूले पाप (गर्नुभयो, गर्नु भएन) (सही उत्तरको मुनि धर्को तान्नुहोस् ।

१२. येशूले हाम्रो लागि ......................... पनि भोग्नुभएको थियो ।

(यी प्रश्नहरुको उत्तरको लागि पेज नं. ११ मा हेर्नुहोस् ।)

उहाँको हाम्रो लागि महान प्रेम (अनुग्रह) को कारण परमेश्वरले हाम्रा पापबाट हामीलाई बचाउन आफ्नो पुत्र येशू खीष्टलाई पठाउनुभयो । परमेश्वरको अनुग्रह उहाँको प्रेम हो कि हामी त्यो प्रेम पाउन आफै योग्यका छैनौ । बाइबलका धेरै विवरणहरुमा परमेश्वरको अनुग्रह बारे बाइबल भन्छ ।

**यूहन्ना १:१४** उहाँ अनुग्रह र सत्यताले पूर्ण हुनुहुन्थ्यो ।

**प्रेरित १५:११** हामी विश्वास गर्दछौ, कि प्रभु येशूको अनुग्रहबाट हामीले उद्धार पाएका छौ ।

**रोमी ३:२४** परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरु सित्तैमा धर्मी ठहरिएका छन ।

तर अनुग्रहको साधनको अर्थ के हो ? त्यो साधन एउटा बाटो हो जसमा परमेश्वरले हाम्रो जीवनमा उहाँको अनुग्रह अथवा प्रेम हामीलाई देखाउनु हुन्छ । जब एउटा मानिसले खनेर जमिनमा प्वाला पार्न चाहन्छ, त्यसले प्वाला पार्ने खन्ती अथवा सव्वलको प्रयोग गर्छन । त्यो खन्ती अथवा सव्वल एउटा प्वाला पार्ने साधन हो जो प्रयोगमा ल्याईन्छ । परमेश्वरले धेरै आशिषित साधनहरुलाई आफ्नो अनुग्रह हामीलाई देखाउन प्रयोग गर्नु हुन्छ । त्यो साधन बाइबल उहाँको **वचनमा सु-समाचारको** प्रयोग गर्नुहुन्छ, जस्तो कि **बप्तिस्मा** र **प्रभु भोजको** धार्मिक विधि । हामीमा विश्वास ल्याउन यी साधनहरु परमेश्वर प्रयोग गर्नुहुन्छ । यी अनुग्रहको साधनद्वारा हाम्रा पापको क्षमा अहिले दिनुहुन्छ र जब हामी मर्छौ तब येशू ख्रीष्ट संग स्वर्गमा अनन्त जीवन दिनुहुन्छ ।

१३. परमेश्वरको अनुग्रह हाम्रो लागि उहाँको ............हो कि हामी आफै यसको............थिएनौ ।

१४. बाइबलको पदहरु लेख्नुहोस् जसले परमेश्वरको अनुग्रहको बारेमा भन्छ ।

.........................................................................

........................................................................।

१५. त्यो साधन परमेश्वरले आफ्नो वचनमा .............. प्रयोग गर्नु हो जस्तो कि................।

१६. दुइ वटा धामिक विधिहरु.................र ................... हुन ।

१७. अनुग्रहको साधनद्वारा परमेश्वरले हामीलाई ................को....................र स्वर्गमा येशूसंग अनन्त............. दिनुहुन्छ ।

**(यी प्रश्नहरुको उत्तर पेज नं. ११ मा हेर्नुहोस् ।)**

**अध्याय एकका प्रश्नको उत्तहरुः**

१.अदनको बगैंचाको बीचमा रहेको रुखको फल नखानू, २.शैतान,

३.अनाज्ञाकारीता, ४. सबै, ५. गुर्न हुदैन ६. हामीले सत्य परमेश्वरलाई पूज्नु पर्छ, हामीले अभिभावकको आदर गर्नु पर्छ, ७. झूटो, चोर्नु, सराप्नु अन्य देवी देवतालाई नपुज्नु, ८. होइन-हामी व्यवस्था पालन गर्न सक्दैनौ हामी पापी छौ, ९. उहाँको पुत्र येशू ख्रीष्ट, १०. सिद्ध, ११. गर्नु भएन, १२. सजाय भोग्नुभयो, १३. प्रेम, योग्य, १४. यूहन्ना १:१४, प्रेरित १५:११, रोमी ३:२४, १५. सु-समाचार, धार्मिक विधि, १६. बप्तिस्मा, प्रभु भोज, १७. क्षमा, पाप, जीवन ।

## अध्याय एकको पुनरावलोकन

हामीले सिक्यौ कि सबै मानिसहरु पापी छन । हाम्रो पापको परिणाम आदम र हव्वाको पाप हो । शैतानले  आदम र हव्वालाई छक्कायो र परमेश्वरले नखानू भन्ने रुखको फल तिनीहरुले खाए तिनीहरुले परमेश्वरको आज्ञा मानेन । तिनीहरुले पाप गरे । तर परमेश्वरले तिनीहरुलाई प्रतिज्ञा दिनुभयो कि उहाँले मुक्तिदाता पठाउनु हुनेछ जसले शैतानको शक्तिलाई नष्ट पार्नु हुनेछ तर त्यो गर्नमा उहाँलाई पीडा कष्ट दिईनेछ । त्यो मुक्तिदाता येशू हुन् ।

त्यो प्रेम परमेश्वरले हामीलाई देखाउनु हुन्छ जसलाई हामी आफै कमाउन योग्यका छैनौ त्यसलाई अनुग्रह भन्छन । यो अनुग्रह भन्ने शब्द बाइबलमा धेरै पटक प्रयोग भएको छ यो देखाउन कि परमेश्वरले कसरी हामीलाई प्रयोग गर्नुहुन्छ । साधन शब्दले हामीलाई भन्छ कि उहाँको अनुग्रह अथवा आफैं कमाउन नसकिने प्रेम हामीलाई परमेश्वरले प्रयोग गर्नुहुन्छ । जब कसैले एउटा प्वाल खन्छ ऊ  प्वाल खन्न खन्ती अथवा सव्वलको प्रयोग गर्छ । जब परमेश्वर हामीलाई उहाँको प्रेम र अनुग्रह देखाउन चाहनु हुन्छ, उहाँले आफ्नो वचनमा सु-समाचार प्रयोग गर्नुहुन्छ, र धार्मिक विधिहरुमा बप्तिस्मा र प्रभु भोज । यिनी अनुग्रहका साधनहरु हुन जसद्वारा हामीलाई येशूमा विश्वास ल्याउँछन र स्वर्गमा येशूसंग अनन्त जीवन दिन्छन ।

## अध्याय एकको जाँच

१.आदम र हव्वाले परमेश्वरको...............गरे र पाप गरे ।

२. आदम र हव्वाको पापको कारण...............मानिसहरु पापी भए ।

३. व्यवस्था पालन गरेर तपाई बचाइन सक्नु हुन्छ ? कसरी अथवा किन सक्नु हुन्न ?

...........................................................................

...........................................................................।

४. परमेश्वरले हामीलाई बचाउन संसारमा कसलाई पठाउने प्रतिज्ञा गर्नु भएको थियो ?

...........................................................................

...........................................................................।

५. येशूले पाप (गर्नुभयो) (गर्नु भएन) (सही उत्तरको मुनि धर्को तान्नुहोस् ।)

६.परमेश्वरको अनुग्रह हाम्रो लागि उहाँको.................हो कि हामी आफैं यसको ...........थिएनौ ।

७. ती साधनहरु परमेश्वरले आफ्नो वचनमा.............को प्रयोग र ...............मा आफ्नो अनुग्रह हामीलाई देखाउनु हो ।

८. दुइ वटा धार्मिक विधिहरु..................र ...........हुन ।

९. अनुग्रहको साधनद्वारा परमेश्वरले हामीलाई ................को ................स्वर्गमा येशूसंग अनन्त ..........दिन्छ ।

तलको बाइबलको खण्डलाई सिक्नुहोस् तब तपाई आफैं यो भन्न सक्नु हुनेछ ।

> **"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् "(यूहन्ना ३:१६) ।**

(यी प्रश्नका उत्तर पेज नं. ६० मा हेर्नुहोस् ।

अध्याय दुइ

# परमेश्वरको वचनमा सु-समाचार एउटा अनुग्रहको साधन हो

अनुग्रहको साधन शब्दको अर्थ हामीले सिक्यौ अब हामी यो सिक्न चाहन्छौ कि परमेश्वरको वचनमा यो सु-समाचार हो । जसद्वारा हामीलाई परमेश्वरले उहाँको कमाउन नसकिने प्रेम देखाउनु हुन्छ ।

यो अध्यायमा हामी सिक्नेछौ :

*कि यो व्यवस्था होइन र यो सु-समाचार हो कि यसले हामीलाई हाम्रो मुक्तिदाता देखाउँछ, र

*कि सु-समाचारको अर्थ सबै मानिसहरुको लागि हो ।

यो अध्याय सुरु गर्नु भन्दा पहिले हामी येशूले हिड्न नसक्ने मानिसको शारीरीक चंगाइ र पाप क्षमा गरेको विवरण बारे पढ्न र अध्ययन गर्न चाहन्छौ ।



येशूले हिड्न नसक्ने मानिसलाई क्षमा गर्नुभयो र निको पार्नुभयो ।

## मर्कूस २:१-१२

[१] केही दिन पछि उहाँ कफर्नहुम फर्कनुभयो, अनि मानिसहरुले उहाँ
घरमा हुनुहुन्छ भन्ने सुने । [२] अनि यति धेरै मानिसहरु जम्मा भए कि
तिनीहरु त्यहाँ अटाएनन्, यहाँसम्म कि ढोकाको बाहिर पनि ठाउँ
भएन, र उहाँले तिनीहरुलाई परमेश्वरको वचन प्रचार गर्दैहुनुहुन्थ्यो ।
[३] अनि चार जनाले बोकेको एक जना पक्षाघातीलाई लिएर
मानिसहरु उहाँकहाँ आए । [४] भीड्को कारणले येशूको नजीक त्यस
मानिसलाई पुऱ्याउन नसक्दा तिनीहरुले उहाँ हुनुभएको ठाउँको
माथिको छाना खोले, र उघारिएको ठाउँबाट पक्षाघातीलाई त्यो
सुतेको खाटसमेत तल ओह्रलिदिए । [५] येशूले तिनीहरुको विश्वास
देखेर त्यस पक्षाघातीलाई भन्नुभयो, "ए छोरा, तिम्रा पापहरु क्षमा
भए ।" [६] तर त्यहाँ शास्त्रीहरु बसिरहेका थिए, र आफ्ना मनमा यसो
भनेर विचार गरिरहेका थिए, [७] "त्यस मानिसले किन यसरी बोल्दछ
? यो त ईश्वर-निन्दा हो । केवल एक, अर्थात् परमेश्वरले बाहेक अरु
कसले पाप क्षमा गर्न सक्छ ?" [८] अनि तिनीहरु आपसमा यसरी
विचार गर्दैछन् भन्ने येशूले तुरुन्तै आफ्नो आत्मामा थाहा पाएर
तिनीहरुलाई भन्नुभयो, "किन तिमीहरु आफ्ना मनमा यस्तो विचार
गर्दैछौ ? [९] पक्षाघातीलाई तिम्रा पापहरु क्षमा भए भन्नु, कि उठ,
तिम्रो खाट उठाएर हिँड भन्नु, कुन चाहिँ सजिलो छ ? [१०] तर
मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भनी
तिमीहरुले जान ।" तब उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, [११] "म
तिमीलाई भन्दछु, उठ, तिम्रो खाट उठाऊ, र घर जाऊ ।" [१२] त्यो
उठ्यो, र तुरुन्तै खाट उठाएर सबैका सामुन्नेबाट गइहाल्यो ।
यहाँसम्म कि, सबै जना आश्चर्य-चकित भए, र "हामीले यस्तो त
कहिल्यै देखेका छैनौ" भन्दै तिनीहरुले परमेश्वरको महिमा गरे ।

यो आश्चर्यकर्ममा येशूले हामीलाई हाम्रो जीवनमा के अति आवश्यक छ सिकाउनु हुन्छ । प्रथम कुरा येशूले त्यो हिडन नसक्ने मानिसलाई उसका पापहरुलाई क्षमा दिनुभएको थियो । त्यो अति महत्वपूर्ण थियो । पछि मात्र उहाँले उसको शरीरलाई निको तुल्याउनुभयो तब उ हिडन सक्यो । येशूले यस मानिसलाई आफ्नो प्रेम देखाउनु भयो उहाँले उसलाई क्षमा दिनुभयो र त्यसपछि उसलाई निको तुल्याउनुभयो ।

यसले हामीलाई यो देखाउँछ कि येशू हाम्रो शरीर भन्दा पनि बढी पापको क्षमादानलाई

विचार गर्नुहुन्छ। मानिसको पाप क्षमा त्यस मानिसलाई असल समाचार थियो। यो सु-समाचार थियो। परमेश्वरको वचनमा सु-समाचार एउटा बाटो हो जसमा परमेश्वर हामीलाई उहाँको कमाउन नसकिने प्रेम देखाउनु हुन्छ।

**रोमी १:१६** मा प्रेरित पावल लेख्छन, "किनकि सु-समाचारसंग म शर्माउदिन। किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका निम्ति पनि।" सु- समाचारले हामीलाई



परमेश्वरको शक्ति देखाउँछ। यो भन्दा पहिलेको अध्यायमा हामीले सिकेका थियौ कि पापमा हामी सबैको आत्मिक मृत्यु भएको छ। तर परमेश्वरले हाम्रा पापहरुलाई क्षमा दिन सु-समाचारको शक्ति प्रयोग गरिरहनु भएको छ। हामी व्यवस्थालाई पूर्णतया पालन गर्न सक्दैनौ जस्तो परमेश्वर हामीलाई पालन गर्ने इच्छा राख्नुहुन्छ। हामी प्रत्येक दिन पाप गर्छौ। यो सु-समाचार हो कि हामीले सिक्नु पर्छ हाम्रो पापको क्षमाको लागि र हामी येशू ख्रीष्टद्वारा मात्र परमेश्वरमा धर्मी हुन्छौ।" तिमीहरु आफ्ना अपराध र शरीर अनुसार बेखतनमा मरेका थियौ, तर परमेश्वरले हाम्रा सबै अपराध क्षमा गरिदिएर उहाँ सँगै जीवित पार्नुभयो"(कलस्सी २:१३)। असल समाचार जुन बाइबलमा मात्र पाइएको छ कि हामी येशू ख्रीष्टद्वारा बचाइएका छौ।

१. येशूले त्यो हिड्न नसक्ने मानिसलाई गर्नुभएको प्रथम कुरा के थियो ?

........................................................................

........................................................................।

२. येशूले त्यो हिड्न नसक्ने मानिसलाई गर्नुभएको दोस्रो कुरा के थियो ?

........................................................................

........................................................................।

३. हाम्रो शरीरको चंगाई भन्दा बढी किन पापको क्षमाको महत्व छ ?

........................................................................

........................................................................।

४. **रोमी १:१६** अनुसार सु-समाचारले हामीलाई परमेश्वरको..................देखाउँछ ।

५. असल समाचार....................मा मात्र पाइएको छ कि हामी येशू ख्रीष्टद्वारा बचाइएका छौं

**(यी प्रश्नको उत्तर पेज नं.२२ मा छ )**

**यूहन्ना ३:१६** मा सु-समाचारको संवादलाई संक्षिप्त पारिएको छ । "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।" परमेश्वर सु-समाचारमा हामी कहाँ उहाँको

प्रेम देखाउन, हाम्रा पापहरु हामीलाई क्षमा गरेर स्वर्गमा उहाँसँग अनन्त जीवनको आशिष हामीलाई दिन आउनु हुन्छ ।

बाइबलमा धेरै खण्डहरु छन जसले सु-समाचार र हाम्रो जीवनमा यसको शक्तिको बारेमा भन्छ ।

**मर्कूस १:१५** उहाँले भन्नुभयो, "समय पूरा भएको छ, र परमेश्वरको राज्य नजीक आइपुगेको छ । पश्चात्ताप गर र सु-समाचारमा विश्वास गर ।"

**गलाती १:११,१२** "मैले प्रचार गरेको सु-समाचार मानिसको सु-समाचार होइन । किनकि मैले यो कुनै मानिसबाट पाएको होइन, न मलाई यो सिकाइएको थियो, तर येशू ख्रीष्टको प्रकाशद्वारा मैले यो पाएको हुँ ।"

**मर्कूस १६:१५** अनि उहाँले तिनीहरुलाई भन्नुभयो, "सारा संसारमा गएर सारा सृष्टिलाई सु-समाचार प्रचार गर ।"

बाइबलमा परमेश्वरले सु-समाचारलाई एउटा साधनको रुपमा अथवा येशूमा हामीलाई विश्वासमा ल्याउन प्रयोग गर्नुहुन्छ । यो सु-समाचारको अर्थ संसारका सबैका लागि हो ।
अफ्रिकामा एउटा मिसनरीले भन्छन त्यहाँको एउटा कृषक जो चाहिँ अरुहरुसंग बाइबलबाट परमेश्वरको वचन अध्ययन गर्ने कक्षामा थियो । तिनीहरु पावलले गलातीहरुलाई लेखेको पत्रबाट अध्ययन गरिरहेका थिए । अचानक त्यो व्यक्ति उठ्यो र अनुहारमा मुस्कुराउदै उसले भन्यो, "किनभने मैले आफ्नो जीवनमा पहिलो पटक म बचाइएको छु भन्ने थाहा पाए, मैले गरेको असल कर्मले होइन तर येशू ख्रीष्टमा विश्वासद्वारा र

जे उहाँले मेरो लागि गर्नु भएको छ त्यसैबाट म बचाईएको छु।" हामी जहाँ सुकै रहे पनि जस्तो अफ्रिका, एशिया, उत्तर या दक्षिण अमेरिका अथवा संसारको जुन सुकै ठाँउमा रहे पनि सु-समाचार अनुग्रहको साधन हो परमेश्वरले जहाँ सबै मानिसहरुलाई येशूमा विश्वास गर्न प्रयोग गर्नुहुन्छ।

६. सु-समाचारको बारेमा भनेका बाइबलका तीनवटा खण्डहरुलाई लेख्नुहोस्।

..........................................................................

..........................................................................।

७. परमेश्वरले बाइबलमा सु-समाचारलाई जस्तै एउटा साधनको प्रयोग गर्नुहुन्छ अथवा हामीलाई येशूमा ............... गर्ने बाटो ल्याउनु हुन्छ।

८. सु-समाचारको अर्थ ............. मानिसहरुको लागि हो।

**( यी प्रश्नको उत्तर पेज नं.२२ मा हेर्नुहोस्।)**

त्यो अफ्रिकनको जीवनमा सु-समाचारको संवादले खुशीयाली ल्यायो। सु-समाचार त्यो हो हाम्रा पापहरु येशूद्वारा क्षमा गरिएका छन येशूमा तिनीहरुको मुक्तिदाता भनेर विश्वास राख्ने सबैको जीवनमा आनन्द ल्याउँछ। वचनमा वर्णन गरेको मानिस जस्तै जो हिड्डुल गर्न सक्दैनथ्यो, हाम्रा पापहरु क्षमा गरेर येशूले हाम्रा जीवनका सबै भन्दा ठूला समस्याहरु जित्नु हुन्छ।

पवल प्रेरितलाई थाहा थियो उनी अब चाँडै नै संसार छोड्नेमा थिए, अझै उनी लेख्न सक्षम थिए, "यदि तिमीहरुका

विश्वासको बलिदान माथि अर्ध-बलिको रुपमा अर्पित हुनु परे तापनि म आनन्दित छु, र तिमीहरु सबै संग म रमाउँछु। त्यसै गरी तिमीहरु पनि मसंग खुशी हुनु र रमाउनु पर्छ।" (फिलिप्पी २:१७,१८)। आज पावल संगै विश्वासीहरु सु-समाचारमा रमाउन सक्छन। परमेश्वरको वचनमा सु-समाचारद्वारा हाम्रा पापहरु क्षमा गरिएका छन।

९. सु-समाचार जसले हाम्रा पापहरुलाई येशूद्वारा क्षमा गरेको छ यसले सबै मानिसको जीवनमा .........ल्याउँछ जसले येशूमा ..............राख्छ जस्तै तिनीहरुको ...............हुन् भनेर।

१०. परमेश्वरको.................मा.............द्वारा हाम्रा पाप क्षमा गरिएका छन।

**(यी प्रश्नको उत्तर पेज नं. २२ मा हेर्नुहोस्।)**

**अध्याय दुइको प्रश्नको उत्तरहरु :**

१.येशूले उसका पापहरु क्षमा गर्नुभयो, २. येशूले उसलाई निको तुल्याउनुभयो ताकि उ हिडन सक्यो, ३.क्षमादानले हामीलाई परमेश्वरसंग सर्वदा धर्मी बनाउँछ, ३. हाम्रो शारिरीक चंगाई, हाम्रो संसारिक जीवन सम्म मात्र रहन्छ, ४. शक्ति, ५. बाइबल, ६. यूहन्ना ३:१६ अथवा मर्कूस १:१५, अथवा गलाती १:११,१२ अथवा मर्कूस १६:१५, ७. विश्वास, ८. प्रत्येक(हरेक), ९.आनन्द,विश्वास, मुक्तिदाता, १०.वचन, सु-समाचार

## अध्याय दुइको पुनरावलोकन

येशूले त्यो हिडन नसक्ने मानिसलाई गर्नुभएको प्रथम कुरा उसका पापहरुलाई क्षमा गर्नु भएको थियो त्यसपछि येशूले त्यो मानिसलाई चंगाई दिनुभयो तब उसले हिडडुल गर्न सक्यो । यसले हामीलाई यो देखाउँछ कि येशूले हाम्रो शरीर भन्दा बढी महत्व पापको क्षमाको लागि विचार गर्नुभयो । हाम्रो पापको क्षमाले हामीलाई स्वर्गमा अनन्त जीवनको प्रतिज्ञा गर्छ । शारिरीक चंगाई हाम्रो लागि संसारिक जीवन सम्म मात्र रहन्छ, अनन्त जीवनको आशा स्वर्गमा छ, कारण हाम्रा पापहरु सधैंको लागि क्षमा गरिएकाछन र यो हाम्रो लागि सु-समाचार हो ।

हामीलाई थाहा छ हामी पाप गर्छौं र आफैले आफैलाई बचाउन सक्दैनौ । परमेश्वरको वचनमा हामीलाई यो सु-समाचार छ यसले हामीलाई विश्वासद्वारा येशूमा बचाइएका छौ भन्छ । बाइबलले मात्र हामीलाई यो सु-समाचार भन्छ । यो सु-समाचारको अर्थ सबै मानिसहरुका लागि हो भन्ने हो । बाइबलमा सु-समाचार एउटा अनुग्रहको साधन हो परमेश्वरको प्रेम हामीहरुलाई देखाइएको छ र हरेकको लागि पनि । सु-समाचारको सन्देशले हृदय भरिएर आउँछ र मानिसहरु आनन्दले जिउन यो जानेर कि तिनीहरुका पाप क्षमा गरिएकाछन । सु-समाचारको सन्देशले हामीलाई स्वर्गमा अनन्त  जीवनको आशा दिलाउँछ ।

## अध्याय एकको जाँच

१. येशूले त्यो हिडन नसक्ने मानिसलाई गर्नु भएको प्रथम कुरा के थियो ?

.................................................................।

२. हाम्रो शरीरको चंगाई भन्दा बढी किन पाप क्षमाको महत्व छ ?

.................................................................।

३. सु-समाचार................मा मात्र पाइएको छ कि हामी येशू ख्रीष्टद्वारा मात्र बचाइएका छौं ।

४. परमेश्वरले ....................मा विश्वास गराउनको लागि बाइबलमा सु-समाचारलाई अनुग्रहको साधन जस्तै प्रयोग गर्नुहुन्छ ।

५. सु-समाचारको अर्थ..................मानिसहरुका लागि हो ।

६. परमेश्वरको .......................मा ................द्वारा हाम्रा पापहरु क्षमा भएका छन ।

तलको बाइबल खण्डलाई सिक्नुहोस् तब तपाई आफै यो भन्न सक्नु हुनेछ ।

> **"किनकि सु-समाचारसंग म शर्माउदिन । किनभने विश्वास गर्ने प्रत्येकका मुक्तिको निम्ति यो परमेश्वरको शक्ति हो, पहिले यहूदीहरुका निम्ति र अन्यजातिहरुका निम्ति पनि"(रोमी १:१६) ।**

(यी प्रश्नहरुको उत्तर पेज नं.६० मा हेर्नुहोस् ।)



अध्याय तीन

## बप्तिस्माको धार्मिक विधि एउटा अनुग्रहको साधन हो

हामीले अध्याय दुइमा सिक्यौ कि बाइबल परमेश्वरको वचनमा सु-समाचार एउटा मध्यम हो जसमा परमेश्वरले हाम्रा सम्पूर्ण पापहरु क्षमा गरेर हामीलाई येशूमा विश्वास ल्याउन प्रयोग गर्नुहुन्छ । अब यो अध्यायमा हामी अर्को साधन अथवा बाटोको बारेमा सिक्न चाहन्छौ, परमेश्वर हाम्रा पापहरुलाई क्षमा दिन प्रयोग गर्नु हुन्छ र हामीलाई येशूमा विश्वास गर्नलाई ल्याउनु हुन्छ । यो अनुग्रहको साधन बप्तिस्माको धार्मिक विधि हो । यो अध्यायमा हामी सिक्नेछौ :

* धार्मिक विधि शब्दको अर्थ,



फिलिपले इथोपियाका मानिसलाई बप्तिस्मा दियो ।

*बप्तिस्मा दिनुको अर्थ पानीको प्रयोग,

*बप्तिस्माको अर्थ केटाकटी र वयस्क दुवैको लागि, र

*बप्तिस्माले हाम्रो जीवनमा धेरै आशिषहरु ल्याउँछ ।

जस्तो हामीले बप्तिस्मा जस्तै अनुग्रह साधनको बारेमा अध्ययन सुरु गरेका थियौ हामी एउटा अफ्रिकन सरकारको अधिकारी एउटा प्राचिन मण्डलीका सेवक फिलिपले उनलाई बप्तिस्मा दिएको बारे सिक्नेछौ ।

## प्रेरित ८:२६-३९

२६ त्यसपछि प्रभुका एउटा दूतले फिलिपलाई भने, "उठेर दक्षिणतिर
यरुशलेमबाट गाजातर्फ जाने बाटोमा जाऊ । त्यहाँ मरुभूमिको बाटो छ
।" २७ अनि फिलिप उठेर गए, र एक जना इथियोपियाली नपुंसकलाई
भेट, जो इथियोपिया देशकी महारानी कन्दाकीका ठूला पदाधिकारी र
समस्त सम्पत्तिका कोशाध्यक्ष थिए । उनी यरुशलेममा आराधना गर्न
गएका थिए । २८ उनी फर्किरहेका थिए, र आफ्नो रथमा बसी यशैया
अगमवक्ताको पुस्तक पढिरहेका थिए । २९ तब पवित्र आत्माले फिलिपलाई
भन्नुभयो, "जाऊ र त्यस रथको साथ लाग ।" ३० फिलिप तिनीकहाँ दौडेर
गए, र तिनलाई यशैया अगमवक्ताको पुस्तक पढिरहेको सुनेर उनले सोधे,
"तपाईले पढिरहनुभएको कुरा बुझ्नुहुन्छ ?" ३१ तब तिनले भने, "कसैले
नबताईकन म कसरी बुझ्न सक्छु र ?" अनि तिनले फिलिपलाई रथमा
चढी तिनको साथमा बस्ने अनुरोध गरे । ३२ अब तिनले पढिरहेका
धर्मशास्त्रको खण्ड यो थियो, "जसरी भेडा काटिनलाई लगिन्छ, वा थुमा
ऊन कत्रनेको सामु चूप रहन्छ, त्यसरी नै उसले आफ्नो मुख खोलेन । ३३
उसको अपमानित अवस्थामा उसलाई न्याय मिलेन । उसको पुस्ताको
बयान कसले गर्ने ? किनभने उसको जीवन पृथ्वीबाट हरण भयो ।" ३४
तब ती नपुंसकले फिलिपलाई भने, "कृपा गरी मलाई भन्नुहोस्,
अगमवक्ताले यो कसको विषयमा भनेका हुन्, उनको आफ्नै विषयमा कि
अरु कसैको विषयमा ? ३५ तब फिलिपले आफ्नो मुख खोलेर धर्मशास्त्रको
यसै खण्डबाट तिनलाई येशूको सु-समाचार सुनाए । ३६ अनि उनीहरु

बाटोमा जाँदाजाँदै केही पानी भएको एउटा ठाँउनेर आइपुगे । ती नपुंसकले भने, "हेर्नुहोस्, यहाँ पानी रहेछ, मलाई बप्तिस्मा हुनदेखि केले रोक्न सक्छ ?" [[३७] फिलिपले भने, "यदि सारा हृदयले नै विश्वास गर्नुहुन्छ भने तपाईले बप्तिस्मा लिन सक्नुहुन्छ ।" तिनले जवाफ दिए "येशू खीष्ट नै परमेश्वरका पुत्र हुनुहन्छ भनी म विश्वास गर्दछु ।"] [३८] तिनले रथ रोक्ने आज्ञा दिए, अनि फिलिप र ती नपुंसक दुवै पानीमा ओर्ले,र उनले तिनलाई बप्तिस्मा दिए । [३९] तर जब उनीहरु पानीबाट बाहिर उक्लिआए, तब प्रभुका आत्माले फिलिपलाई पक्रेर लैजानुभयो, र ती नपुंसकले उनलाई फेरि देखेनन्, र ती रमाउँदै आफ्नो बाटो लागे ।

ती अधिकारी अफ्रिकाको इथियोपिया देशका त्यस देशकी महारानीका खजान्ची थिए । यशैया अगमवक्ताले भनेका कुराहरुलाई तिनले बुझ्रिराखेका थिएनन्, उनले पढिरहेका शब्दहरु यशैया अगमवक्ताको पुस्तकको ५३ अध्याय बाट लिइएको थियो । यी भविष्यवाणीका शब्दहरुले सबै मानिसहरुका पापको लागि येशूले कसरी दुःख उठाउनु पर्थ्यो र मर्नु पर्थ्यो भनेर भन्दा येशूले जे गर्नुभयो त्यो हाम्रो लागि सु-समाचार हो । उहाँले हाम्रो पापको लागि कारण सजाय भोग्नुभयो ताकि हामी योग्य हुन सकौं । पवित्र आत्माले यो सु-समाचारलाई त्यो इथियोपियाको मानिसलाई येशूमा विश्वास ल्याउन प्रयोग गर्नुभयो जस्तो यो सत्य हुन्थ्यो कुनै व्यक्ति जसले येशूमा विश्वास गर्दछ कि उहाँ उसको अथवा उनको मुक्तिदाता हुनुहुन्छ भनेर उसले बप्तिस्मा लिने इच्छा राख्दथ्यो । जब तिनीहरु केही पानी भएको ठाउँनेर आइपुगे, फिलिपले ती मानिसलाई बप्तिस्मा दिए । यसले हामीलाई भन्छ ती मानिसले बप्तिस्मा लिइसके पछि उनको हृदय खुशीले भरियो र रमाउँदै आफ्नो बाटो लागे ।

बप्तिस्मा एउटा अर्को अनुग्रहको साधन हो कि परमेश्वरले हामीलाई विश्वासमा ल्याउन प्रयोग गर्नुहुन्छ। बप्तिस्मालाई एउटा धार्मिक विधि भनिन्छ। एउटा धार्मिक विधि पवित्र कार्य हो जुन परमेश्वरद्वारा आज्ञा गरिएको छ। येशूले आफ्ना चेलाहरुलाई र हामीलाई त्यो आज्ञा दिनुभयो। येशू मृतकबाट उठनु भए पछि, उहाँले आफ्ना चेलाहरुलाई गालील जिल्लाको पर्वतमा भेट्नुभयो। त्यहाँ उहाँले आफ्ना चेलाहरुलाई आज्ञा दिनुभयो, "यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ" (मत्ती २८:१९)।

येशूको यो आज्ञा प्रयोग भइसकेको हुन्छ जब एउटा मानिस पानीको प्रयोग संगै बप्तिस्मा लिन्छ। एउटा धार्मिक विधिसंग



संसारिक तत्व पनि हुन्छ। बप्तिस्ममा त्यो संसारिक तत्व भनेको पानी हो। यो पानी साधारण पानी होइन तर यो परमेश्वरको आज्ञा प्रयोग गरिएको पानी हो र परमेश्वरको वचनसंग सम्बन्धित छ। एउटा धार्मिक विधि हुनलाई बप्तिस्माले अवश्य पनि हाम्रा पापहरुको हामीलाई क्षमा दिन्छ। प्रेरित पत्रुसले यरुशलेमका मानिसहरुलाई भने, "पश्चात्ताप गर, र तिमीहरुका पाप-क्षमाका निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिस्मा लेउ" (प्रेरित २:३८)। बप्तिस्मा अनुग्रहको साधन हो त्यो परमेश्वरद्वारा आज्ञा गरिएको छ, यसमा एउटा संसारिक तत्व (पानी) छ र चढाइन्छ र यसले हाम्रा पापहरुको क्षमा हामीलाई दिन्छ।

१. बप्तिस्मा एउटा पवित्र कार्य हो यो परमेश्वरद्वारा ......................गरिएको छ ।

२. मत्ती २८:१९ मा भएको येशूको आज्ञा लेख्नुहोस् ।

...........................................................................

..........................................................................।

३. बप्तिस्ममा प्रयोग हुने संसारिक तत्व (पदार्थ) के हो ?

..........................................................................।

४. एउटा धार्मिक विधिको बप्तिस्मा लिएर अवश्य पनि हाम्रा पापहरुको ................... दिन्छ ।

**(यी प्रश्नका उत्तर पेज नं. ३८ मा हेर्नुहोस् ।)**

बप्तिस्मा शब्द ग्रीक भाषाबाट आउँछ । बप्तिस्माको अर्थ "धुनु अथवा पानीको प्रयोग गर्नु हो ।" मर्कूस ७:४ ले "भाँडाकुडाहरु र कचौराहरु"लाई धुने कामको बारे भन्छ । जे भए पनि बप्तिस्मा येशूले दिनुभएको एउटा विशेष धुने कार्यको आज्ञा हो । यसले हाम्रा पापहरुलाई धोएर हटाउँछ । बप्तिस्माले हाम्रा पापहरुलाई पखालेर हटाउँछ कारण यो परमेश्वरको वचनसंग सम्बन्धित छ । बप्तिस्मामा दुइ वटा आवश्यक कुराहरु मान्य छन । एउटा पानीको प्रयोग र अर्को येशूले आज्ञा गर्नुभएको परमेश्वरको वचन, "म तिमीलाई पिता र पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिन्छु ।" पावल प्रेरित लेख्छन, "जसरी ख्रीष्टले पनि मण्डलीलाई प्रेम गर्नुभयो, र त्यसको निम्ति आफूलाई अर्पण गर्नुभयो, यस हेतुले कि उहाँले त्यसलाई पानीले धोएर वचनद्वारा पवित्र पार्न सकून" (एफिसी ५:२५,२६) । येशूले पानी कसरी प्रयोग गर्ने

भन्ने बारेमा आज्ञा गर्नुभएको थिएन । त्यो व्यक्तिलाई बप्तिस्मा दिन पानी उसको टाउकोमा छर्कन सकिन्छ, उसको टाउकोमा पानी खन्याएर, अथवा त्यो व्यक्तिलाई पूर्णतया पानी मुनि डुवाएर बप्तिस्मा दिन सकिन्छ । यी तीनवटै पानी प्रयोग गर्ने तरिकाहरु ठीक छन । जे भए पनि, हामी एउटा निश्चित यही मात्र पानी प्रयोग गर्ने तरिका हो भनेर कर ( आग्रह) गर्दैनौ ।

५. बप्तिस्माको अर्थ “............अथवा...........को प्रयोग” गर्नु हो ।

६. बप्तिस्माले हाम्रा .................पखालेर हटाउँछ ।

७. बप्तिस्माले हाम्रा पापहरुलाई पखालेर हटाउँछ कारण यो परमेश्वरको ..................संग सम्बन्धित छ ।

८. एउटा व्यक्तिलाई बप्तिस्मा हुनको लागि येशूको कुन वचनको प्रयोग हुन आवश्यक छ ?

...............................................................................

..............................................................................।

९. एउटा व्यक्तिलाई बप्तिस्मा दिन तीन प्रकारले पानीको प्रयोगको तरिकाहरुछन तिनको नाम उल्लेख गर्नुहोस् ।

..............................................................................।

..............................................................................।

..............................................................................।

(यी प्रश्नको उत्तर पेज नं. ३८ मा हेर्नुहोस् ।)

बाइबलमा बप्तिस्मा पाएका व्यक्तिहरुको उदाहरण छन ।

**मर्कूस १:९-११** येशूको बप्तिस्मा भएको थियो ।

**प्रेरित ८:२६-४०** इथियोपियाबाट आएको मानिसको बप्तिस्मा भएको थियो ।

**प्रेरित १६:२९-३४** फिलिप्पी शहरमा झ्यालखानाको हाकिम र उनका घरका प्रत्येकको बप्तिस्मा भयो ।

बप्तिस्माको अर्थ सबै मानिसहरुको लागि हो, केटाकेटी र वयस्क दुइटैलाई हो । केटाकेटीहरुको बप्तिस्मा किन गरिन्छ बाइबलले हामीलाई धेरै कारणहरु दिन्छ । पहिले बालबालिका राष्ट्रका एक अंग हुन । जब देशमा त्यहाँ रहेका मानिसहरुको जनगणना लिइन्छ, बालबालिकाहरु पनि ती अरु व्यक्तिहरुसंगै गन्ती गरिएका हुन्छन । येशूले भन्नुभयो, “यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ” (मत्ती २८:१९) । हामीले यो पनि थाहा पायौं कि केटाकेटीहरु पापमा जन्मन्छन र तिनीहरुको पाप क्षमाको आवश्यकता छ । राजा दाऊद भजनसंग्रहमा हामीलाई भन्छन, “साँच्चै म जन्मँदा नै पापी थिए, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिए”(भजनसंग्रह ५१:५) । हरेकसंग आदम र हव्वाले गरेको पापको पैतृक सम्पत्ति छ जब तिनीहरुले अदनको बगैंचामा परमेश्वरको आज्ञालाई मानेन् । अन्तमा,हामीले यो जान्यौ कि केटाकेटीहरुले येशूमा विश्वास गर्न सक्छन । येशू आफैले हामीलाई यो भन्नुभयो जब उहाँले भन्नुभयो, “तर जसले ममाथि विश्वास गर्ने यी सानाहरु मध्ये एक जनालाई

